Regd. No. 1300/067/068
PAN: 600232009

# Hydroelectricity Investment And Development Company Ltd.
# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
(A Company owned by Government of Nepal)

प.सं. ०७८/७९
च.नं. (Ref. No.): २६२

मितिः २०७८/०८/२०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः साधारण सभा, बुक क्लोज तथा लाभांश सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७८/०८/२० गते बसेको यस कम्पनीको सञ्चालक समितिको २५०औं बैठकबाट दशौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा तपशिल बमोजिमको निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछुः

१. कम्पनीको दशौं वार्षिक साधारण सभा मिति २०७८/०९/२२ गते बिहीबार कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा अभौतिक रुपमा बिहान ९:०० बजेदेखि गर्ने।

२. दशौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/०९/०५ गते कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहने।

३. कम्पनीले शेयरधनीहरुलाई चुक्ता पूँजीको ८.००% (आठ प्रतिशत) का दरले हुने रू. १,४९,६०,००,०००।- (अक्षरेपी एक अर्ब उनान्पचास करोड साठी लाख मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.४२१% (शून्य दशमलव चार दुइ एक प्रतिशत) का दरले हुने रू. ७,८७,३६,८४२.११ (अक्षरेपी सात करोड सतासी लाख छत्तिस हजार आठ सय बयालिस रुपैयाँ एघार पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृतिको लागि दशौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना तथा विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ।

भवदीय,

जिवन कुमार बस्नेत
कम्पनी सचिव

**बोधार्थः** श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।